नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
म.प. क्षेत्रीय कृषि निर्देशनालय
**जिल्ला कृषि विकास कार्यालय, बाँके**

फोन नं.: ०८१-५२००२७
इमेल :dadobanke@gmail.com
वेभसाइट : www.dadobanke.gov.np

## अनुदानमा धानको उन्नत बीउ बिक्रि वितरणका लागि आशयपत्र पेश गर्ने बारेको सूचना
## (प्रथम पटक प्रकाशित मिति : २०७५/०१/०४, दैनिक नेपालगन्ज)

कृषकहरुलाई सुपथ मुल्यमा बीउ बिजन उपलब्ध गराउने नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम चालु आ.व. २०७४/७५ मा धानको उन्नत बीउ बिक्रि वितरण गर्न चाहने बीउ वितरक, बीउ बिक्रीका लागि बीउ बिजनको कारोबार गर्न अनुमति प्राप्त गरेका व्यवसायीहरु, सहकारी संस्था, कम्पनीका अधिकृत डिलर, दर्ता वा सुचिकृत कृषक समुहहरुलाई नेपालगन्ज,जैसपुर, उदयपुर, कोहलपुर, बैजापुर, कचनापुर, फत्तेपुर, बेलहरि, बेल्भार, बागेश्वरी, बनकट्टी, नरैनापुर, लक्ष्मणपुर, नौबस्ता र बनकटवामा अनुदानित बीउ बिक्रि गर्न सकिने आशयपत्र पेश गर्नुहुन २० दिने सूचना प्रकाशित गरिएको छ । अनुदानित बीउ बिजन बिक्रि वितरण गर्न इच्छुक बिक्रेताहरुले तपसिलका शर्तहरु पालना गरि तोकिएको म्यादभित्र यस कार्यालयमा आशयपत्र पेश गर्नुहुन अनुरोध छ ।

१.अनुदानित बीउ बिजन बिक्रि बितरणका लागि आशय पत्र पेश गर्दा धान बालीको कुन कुन जातमा के कति परिमाणमा बीउ बिजन बिक्रि गर्न सक्ने सोको विवरण पेश गर्नुपर्नेछ ।

२. बीउ बिजन नियमावली २०६९ अनुसार बीउ बिजनको कारोबार गर्न बीउ व्यवसायी अनुमति प्राप्त संस्थाले मात्र बीउ बिक्रि गर्ने आशयपत्र पेश गर्न सक्नेछन ।

३. अनुदानित बीउ बिक्रि बितरणका लागि जिल्ला कृषि विकास कार्यालयले बीउ बिजन उपलब्ध गराउने छ सोको लागि लागि आशय पत्र पेश भएका व्यवसायीहरु, सहकारी संस्था, कम्पनीका अधिकृत डिलर, दर्ता वा सुचिकृत कृषक समुह, संस्था, एग्रोभेट मध्यबाट र उपलब्ध भएका जात अनुसार उन्नत बीउ बिजन उपलब्ध हुनेछ ।

४. अनुदानित बीउ बिक्रेताले खरिद गर्ने बीउको परिमाणको अनुदान बाहेकको रकम अग्रीम रुपमा स्वीकृत बीउ आपुर्तिकर्तालाई भुक्तानी दिनुपर्नेछ । खरिद भएको बीउ फिर्ता हुनेछैन ।

५. अनुदानित बीउको गुणस्तरमा कुनै गुनासो वा कैफियत देखा परेमा तुरुन्त जिल्ला कृषि विकास कार्यालय, बाँकेमा जानकारी गराउनुपर्नेछ ।

६. अनुदानित बीउ बिजन बिक्रेतालाई बढीमा ७ प्रतिशतसम्म मुनाफा लिन सक्नेछ र बिक्रि विवरण र भरपाई जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. अन्य कुरा बीउ बिजन नियमावली २०६९ र बीउ बिजनमा मूल्य अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७३ बमोजिम हुनेछ ।

कृष्ण बहादुर बस्नेत
वरिष्ठ कृषि विकास अधिकृत